# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बलेफी गाउँपालिका, सिन्धुपाल्चोक

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७
च.नं : ७७७

श्री बलेफी गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।
२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: ०७६।७७ च.नं.९५९ — मितिः २०७७/०३/२५

श्री प्रमुखज्यू,
बलेफी गाउँपालिका,
सिन्धुपाल्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय :** हामीले बलेफी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड १३ लाख ७५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२३ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु.९२ लाख र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८० लाख २३ हजार र पेश्की बांकी रु.१८ लाख ८ हजार रहेको छ ।

३.. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०६/०८ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ । सो प्रतिवेदन उपर प्राप्त प्रमाण कागजात सहितको प्रतिकृयाका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २२ यसै साथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अर्न्तगत ८ वडा, ४४गाउँसभा सदस्य, ६१.६० वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार ६६८ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **गाउँपालिका चालु** | ४६६७१३०९.४६ |
| | क) धरौटी | | २ | **गाउँपालिका पुजिगत** | १२६१२७८३०.५० |
| | ख) बैंक | १३७३०७५२.३४ | ३ | **संघ सशर्त अनुदान** | १११०३९३७२.१० |
| २ | **आन्तरिक आय** | | ४ | **भोटेकोशी क्षतीपूर्ती** | ४५००००.०० |
| | क) आन्तरिक राजस्व | ३०५६१८२.८२ | ५ | **स्थानीय पूर्वाधार विकास** | ६००००००.०० |
| | ख) दहत्तर बहत्तर | २८६८१००.६० | ६ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | २८६९५४०.०० |
| | ग) अन्य आय | ४८८७६९.१३ | ७ | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | ३९६८५००३.०० |
| | घ) मालपोत कार्यालयबाट प्राप्त | ६९४०२०.०० | ८ | **स्थानीय तह क्षमता विकास** | ४४२३००.०० |
| ३ | **वित्तीय हस्तान्तरण केन्द्र** | | ९ | **झोलुंगे पुल** | १४५८९९.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ११४००००००.०० | १० | **प्रदेश सशर्त अनुदान** | ३५३२७६६८.०० |
| | ख) सशर्त अनुदान | ११९०९७०००.०० | ११ | **मर्मत सम्भार कोष खर्च** | २९७५१०२.०० |
| ४ | **केन्द्रिय रावस्व बाँडफाँडड** | ३९१५४२६१.९७ | १२ | **प्रकोप व्यवस्थापन कोष खर्च** | १४३२५५०.०० |
| ५ | **प्रदेश सरकारबाट अनुदान** | | १३ | **धरौटी फिर्ता** | ०.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ७७८९०००.०० | १४ | **को.ले.नि.का.मा निकासा फिर्ता** | |
| | ख) सशर्त अनुदान | ३८०९००००.०० | | क) जेष्ठ नागरिक र सामाजिक सुरक्षा | ८८९९९७.०० |
| | ग) सवारीकर बाँडफाँड | १३०१२५०३.९० | | ख) सशर्त अनुदान | ८०५७६२७.९० |
| | घ) प्रदेश समपुरक | ५१३६०००.०० | | ग) प्रधानमन्त्री रोजगार कार्यक्रम | ३४५४६०.०० |
| ७ | **स्थानीय पूर्वाधार विकास** | ६००००००.०० | | घ) झोलुंगे पुल | १५४१०१.०० |
| ८ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | ३२१५०००.०० | १५ | **प्रदेश अनुदान फिर्ता** | |
| ९ | **स्थानीय तहको क्षमता विकास** | ३०५०००.०० | | क) समपुरक | ५१३६०००.०० |
| १० | **जेष्ठ नागरिक र सामाजिक सुरक्षा** | ४०५७५०००.०० | | ख) सशर्त | २७६२३३२.०० |
| ११ | **झोलुंगे पुल** | ३०००००.०० | १६ | **मौज्दात** | |
| १२ | **सडक बोर्ड** | १५००००.०० | | क) धरौटी मौज्दात | ०.०० |
| १३ | **धरौंटी आय** | ०.०० | | ख) संचितकोष मौज्दात | १७०५७१५०.८० |
| | | | | ग) मर्मत संभार कोष | २४८९८.०० |
| | | | | घ) प्रकोप व्यवस्थापन कोष | ६७४५०.०० |
| | **जम्मा** | ४०७६६१५९०.७६ | | **जम्मा** | ४०७६६१५९०.७६ |

| दफा | व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १. | **आन्तरिक लेखापरीक्षण :**स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।तर गाउँपालिकाले लेखापरीक्षण अवधिसम्म यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । त्यसैले आगामी दिनमा गाउँपालिकाले कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २. | **घटी जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी/बढी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा आर्थिक वर्ष २०७४/७५ को सशर्त अनुदान तर्फको फ्रिज गर्नुपर्ने रकम रु.६८८००९५.७० सहित जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.१,९१,६३,७०९.२० मा कार्यालयले सशर्त अनुदानको रकम रु.६८८००९५.७० मिति २०७५/४ /२२ मा बेरुजु दाखिला गरेको देखिन्छ । सशर्त अनुदानको रकम फिर्ता पश्चात् रु.१,२२,७३,५७४.५४ जिम्मेवार सानुपर्नेमा रु.१,३७,३०,७७९.३४जिम्मेवारी सारेको देखियो । के कुन कारण बैंकमा रु.१४,५७,२०४.८० बढी बाँकी देखिएको हो सो सम्बन्धमा श्रोत खोली स्पष्ट पार्नुपर्ने देखिएको रु. | १४५७२०४/८ |
| ३. | **वित्तीय विवरण :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकालेप्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरणयथार्थ मान्न सकिने अवस्था छैन् ।<br>• तोकिएको अवधिमा पूँजीगत र चालु खर्च खाता फ्रिज नगरी पछिल्लो आ.ब. मा समेत खर्च लेखी २०७६/०४/२४ मा मात्र उक्त चालु खाताहरु फ्रिज गरेको ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा गाउँपालिकाका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ४. | **वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्य, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको उपप्रमुख श्री कमाला श्रेष्ठ (कायस्थ)लेमिति २०७५/०३/१० मा गाउँसभा समक्ष रु.३५ करोड ७९ लाख ५४ हजार बजेट पेश गर्नु भएकोमा सोही मितिमा नै बजेट पारित भएको छ । | |
| ५. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति:**गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ । | |

| क्र.स. | क्षेत्र | बजेट | खर्च | कुल पूर्वाधार बजेट खर्चको तुलनामा प्रतिशत |
|---|---|---|---|---|
| १ | सडक | ४०३६० | ३९१५३ | ५५.१६ |
| २ | विद्यालय भवन | १६६५० | १६६५० | २३.४६ |
| ३ | खानेपानी | ९०३० | ८६५१ | १२.१९ |
| ४ | सिंचाई | ५४१० | ५३१० | ७.४८ |
| ५ | ढल तथा भू क्षय व्यवस्थापन | ६२० | ६२० | ०.८७ |

| | | | | |
|---|---|---|---|---|
| ६ | खेल मैदान | ६०० | ६०० | ०.८५ |
| जम्मा | | ७२६७० | ७०९८४ | १००.०० |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक, विद्यालय भवन, खानेपानी र सिचाई योजनामा क्रमशः ५५.१६%, २३.४६%, १२.१९% र७.४८% बजेट व्यवस्था गरी खर्च गरेको छ ।

६. **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।
- गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।
- गाउँपालिकामा समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।
- गाउँपालिकाको जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको तथा सहायक जिन्सी लेजर बिना वडा कार्यालयमा छुट्टा छुट्टै जिन्सी खाता राखेको र गाउँपालिकाले मूल जिन्सी खाता अध्यावधिकनगरेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।
- कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी कार्यक्रम देखिएको ।
- सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।
- कार्यालयले कार्यक्रमगत तथा योजनागत खाता नराखेको तथा नगरपालिकाबाट संचालित कार्यक्रम, योजना संचालन तथा सेवा प्रवाह समेतको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन् ।
- गाँउपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।
- महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।
- विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।
- मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।

त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

७. **कर्मचारी व्यवस्थापन** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा विभिन्न पदका ३६ दरबन्दी स्वीकृत रहेतापनि लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १९ जना पदपूर्ती भएको देखिन्छ । जसमध्ये कर्मचारी समायोजन पश्चात् गाउँपालिकामा दरबन्दी नरहेको १ जना पशु प्राविधिक (आठौ) तथा सहायक महिला विकास निरीक्षक १ जना दरबन्दी रहेकोमा २ जनाको पदपुर्ति भएको छ । तर कार्यलयबाट प्राप्त विवरण अनुसार कार्यालयको समग्र कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, शाखा अधिकृत, शिक्षा अधिकृत सहित १७ पदहरु लामो समय देखी रिक्त रहेका छन् । जसबाट गाउँपालिकाले प्रदान गर्ने सेवामा प्रत्यक्ष असर पर्ने देखिन्छ । त्यसैले रिक्त दरबन्दी पदपूर्ती गर्ने तर्फ

ध्यान दिनुपर्दछ ।

८. **वडा सचिवको पदपूर्ति** :गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ८ | ८ | ६ | २ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ८ वटा वडा सचिवको दरबन्दी रहेकोमा ६ जना पदपूर्ति तथा २ जना रिक्त रहेको छ । समयमै पदपुर्ति गरी सेवा प्रवाहमा सरलता ल्याउनु पर्दछ ।

९. **न्यायिक समिति र न्याय सम्पादन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| गत आ.व.बाट जिम्मेवारी सरेका | दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|---|
| ० | ३० | १३ | १७ |

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०. **न्याय सम्पादनमा ढिलाई** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९मा न्यायिक समितिमा विवाद दर्ता भएको मितिले ३ महिना भित्र आवश्यक फट्यौट गरी सक्नुपर्ने व्यवस्था गरेको छ । तर गाउँपालिका न्यायिक समितिमा मिति २०७६/२/०६ भन्दा अधि दर्ता भएका २ वटा विवादहरु लेखापरीक्षण अवधि सम्म निरुपण तथा फछ्र्यौट भएको पाईएन । त्यसैले दर्ता हुनआएका विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

११. **स्थानीय कानुन निर्माण र कार्यान्वयन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार गाउँपालिकाले हाल सम्म २४ वटा कानुन तर्जुमा गरी स्वीकृतगरेकोमा १७ वटा कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित भएका छन् भने तपसिल बमोजिमको कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित भएका छैनन् ।

| **क्र.स.** | **कानूनको नाम** | **गाउँ सभा/कार्यपालिकाबाट स्वीकृत भएको मिति** |
|---|---|---|
| १. | गाँउ कार्यपालिका सार्वजनिक खरिद नियमावली, २०७५ | २०७५/१२/१४ |
| २. | बलेफि गाउँपलिकाको अर्थ सम्बन्धी प्रतास्तवलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७६ | २०७६/०३/२७ |
| ३. | बलेफि गाउँपलिकाको विनियोजन ऐन, २०७६ | २०७६/०३/२७ |
| ४. | बलेफि गाउँपलिकाको स्थानीय विपद व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०८/२३ |
| ५. | बलेफि गाउँपलिकाको अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ | २०७५/०८/१९ |
| ६. | अनाथ तथा जोखिमयुक्त बालाबलिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ | २०७५/११/०५ |
| ७. | बलेफि गाउँपलिकाको स्थानीय स्वास्थ्य संस्थाको संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ | २०७६/०३/२५ |

स्वीकृत कानुनमा तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१२. **चौमासिक खर्च** : गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि. नं | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको मात्रखर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | गा.पा. पूँजीगत | १२६१२८ | १५१६८ | ३३२९९ | ७७६६१ | ३८३६१ |
| | **जम्मा** | **१२६१२८** | **१५१६८** | **३३२९९** | **७७६६१** | **३८३६१** |
| | **प्रतिशत** | **१००** | **१२.०३** | **२६.४** | **६१.५७** | **३०.४१** |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ६१.५७ प्रतिशत र आषाढ महिनामा

| | | |
|---|---|---|
| | मात्र ३०.४१ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठिनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ । | |
| | **गाउँपालिका चालु** | |
| १३. | **वडा कार्यालयबाट भएको खर्च :** गाउँपालिकाले प्रत्येक वडा कार्यालयलाई रु.२ लाखका दरले जम्मा रु.१६लाख भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाउँपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप कार्यालय सम्बन्धी खर्च, बैठक भत्ता, सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च गरेका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| १४. | **भ्रमण खर्च :** प्रदेश नं. ३ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>• गाउँपालिकाले यस वर्ष अनुगमन तथा दैनिक भ्रमण खर्च वापत रु.२०,३८,९६०.०० खर्च ( योजना कन्टेनजेन्सी बाहेक) लेखेको छ ।<br>• स्पष्ट उद्देश्य तथा प्रयोजन बेगर गाउँपालिकाबाट भएका अधिकांश भ्रमणमा काठमाडौं स्थित संघका विभिन्न मन्त्रालय तथा हेटौडा स्थित प्रदेश सरकारका मन्त्रालयमा गएको देखाईएको छ ।<br>• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिदैन् ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुनसकेन ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थामा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १५. | **स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका पदाधिकारी तथा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मिति देखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार गाउँपालिकाबाट यस वर्षपदाधिकारी सुविधा तर्फ रु.४३,६८,०००.०० र संचार महशुल तर्फ रु.८७,६००.०० गरी कुलरु.४४,५५,६००.००खर्चभएको (खर्चको फाँटबारी अनुसार) छ । तर गाउँपालिकाले तपसिल बमोजिम अधितम् रु.४३,३५,६०० मात्र खर्च लेख्न सक्ने देखिन्छ । त्यसैले बढी खर्च लेखिएको रु.१,२०,०००.०० का सम्बन्धमा गाउँपालिकाले थप एकीन गरी असूल गर्नुपर्ने देखिएको रु. | १,२०,०००/- |

| विवरण | गा.पा. अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २८ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा ( श्रावण देखि पौस मसान्त सम्म) दर | ३०००० | २५००० | २०००० | ६००० | ५००० | ३५१००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा ( बैशाख देखि आषाढ मसान्त सम्म) दर | ३०००० | २५००० | २०००० | ८००० | ५००० | ३६३००० |
| सञ्चार सुविधा ( मासिक दरमा) | १५०० | १००० | ८०० | ० | ० | ७३०० |
| **वार्षिक कुल जम्मा** | **३७८०००** | **३१२०००** | **१४९७६००** | **४६८०००** | **१६८००००** | **४३३५६००** |

१६. **बैठक भत्ता**:-प्रदेश नं. ३अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ मा स्थानीय तहका पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यलाई न्यायिक वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसुचि १ बमोजिम बैठक भत्ता, सदस्य भत्ता लगायतका भत्ताहरु उपलब्ध गराउने व्यवस्था छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिकतम् मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । तर कार्यालयले निम्नानुसारका विभिन्न मिति तथा स्थानमा देहाय बमोजिमको बैठक बसेको भनी नियम बिपरीत बैठक भत्ता भुक्तानी गरेको देखिएकोले नपाउने बैठक भत्ता असुल गर्ने रु. ८,२९,७५०/-

| भौ.नं/मिति | बैठक मिति | बैठक | पटक | भत्ता(कर बाहेक) |
|---|---|---|---|---|
| २४/२०७५।६।७ | २०७५।४।७,१५,३० | वडा नं.८ को बैठक | ३ | २२९५०।- |
| ३१/२०७५।६।२३ | २०७५।६।१,८,२१,भाद्र ४ | वडा नं.६ को बैठक | ९ | ६८८५०।- |
| ३३/२०७५।६।२३ | विभिन्न मितिको | वडा नं.८को बैठक | ६ | ४५९००।- |
| ४४/२०७५।६।२५ | विभिन्न मितिका | वडा नं.५ को बैठक | ३ | २२९५०।- |
| ५१/२०७५।६।२६ | विभिन्न मितिका | वडा नं.४ को बैठक | ६ | ४५९००।- |
| ६४/२०७५।८।३ | विभिन्न मितिका | वडा नं.५ को बैठक | ३ | २२९५०।- |
| १४०/२०७५।१०।२१ | विभिन्न मितिका | गा.पा.बैठक | १२ | १३५१५०।- |
| १५८/२०७५।११।९ | २०७५।११।५ | कार्यपालिका बैठक | १ | २०४००।- |
| १६६/२०७५।११।२१ | २०७५।४।११र ०७५।६।८ | गा.पा.बैठक | २ | ११४४७५।- |
| २०१/२०७५।१२।२१ | विभिन्न मितिका | गा.पा.बैठक | विभिन्न | ७२६७५।- |
| २१३/२०७५।१२।२५ | २०७५ कार्तिक , पौस | वडा समितिको बैठक | ९ | ६८८५०।- |
| २८०/२०७६।२।३० | विभिन्न | वडा नं.४को बैठक | ३ | ६८८५०।- |
| ३७६/२०७६।३।३० | २०७५।१२।१४ | चौथो गाउँसभा बैठक | १ | ११९८५०।- |
| | | | जम्मा:- | ८२९७५०।- |

१७. गो.भौ.नं.४/मिति २०७५।५।१२:-आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयमा ईन्टरनेट जडान गरेको भनी जडान खर्च बापत एरोनेट प्रा.लि.लाई मू.अ.कर समेत रु.४१८२५।- भुक्तानी गर्दा खर्चको सक्कल विल बेगर खर्च लेखेको पाईएकोले खर्चको प्रमाण पेश गर्नु पर्ने रु. ४१,८२५/-

१८. गो.भौ.नं.२५/मिति-२०७५।६।११:- निजामति सेवा ऐन, २०४९को दफा ७ ख(२) अनुसार सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुलाई बार्षिक रुपले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले भाद्र महिनाको तलव भत्ता रु.२७४९२९७।२० खर्च लेख्दा स.ई.रुद्रप्रसाद सापकोटालाई प्रति महिना रु.३९१५।-का दरले १२ महिनाको रु.४६९८०।- र सोमा कर्मचारी संचय कोष थप रु.४६९८।-, दशैं खर्च रु.३९१५। समेत रु.५५५९३।- ग्रेड रकम तलवी प्रतिवेदन पास नगरी भुक्तानी दिई खर्च लेखेको पाईएकोले उक्त बढी ग्रेड खर्चको तलवी प्रतिवेदन पेश गर्ने अन्यथा असुल गर्ने रु. ५५,५९३/-

१९. गो.भौ.नं.४७/मिति २०७५।६।२६:- कार्यालयको गत आर्थिक बर्षको योजना तथा क्रियाकलापको सामाजिक परीक्षण गर्नको लागि आर्थिक प्रस्ताव माग गरे अनुसार सबै भन्दा घटीमा काम गर्न कवोल गर्ने श्री त्रिपुरा परामर्श सेवा केन्द्र, सिन्धुपाल्चोकसँग रु.१,५०,०००।- मा संझौता भएकोमा उक्त सेवा केन्द्रले कार्यालयको के कस्तो सामाजिक परीक्षण गरेको हो त्यसको परीक्षण प्रतिवेदन बेगर खर्च लेखेको

<table>
<tr><td></td><td>पाईएकोले खर्चलाई समर्थन गर्ने परीक्षण प्रतिवेदन प्रमाण पेश हुनु पर्ने रु.</td><td>१,५०,०००/-</td></tr>
<tr><td>२०.</td><td>गो.भौ.नं.४५/मिति २०७५।६।२६:-आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम रु.५०,०००.०० भन्दा माथिको भुक्तानीमा १.५ प्रतिशतका दरले कर कटाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले गाउँपालिकाको गुरु योजना तयार गर्नको लागि स्कूलर नेपालसँग भएको संझौता अनुसार मू.अ.कर समेतको पहिलो किस्ता रु.३६००००।- भुक्तानी गर्दा नियमानुसार कटाउनु पर्ने अग्रिम कर रु.४७७९।- कट्टी गरेको नदेखिएकोले असुल गर्नु पर्ने रु.</td><td>४,७७९/-</td></tr>
<tr><td>२१.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्न पर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न समयमा कार्यालयको सूचना प्रकाशन गरेको भनी निम्न भौचर नम्बरबाट देहायका पत्रिकालाई सूचना प्रकाशन गरेको प्रमाण बेगर केवल विल मात्र संलग्न गरी खर्च लेखेको पाईएकोले कुन मितिमा कार्यालयको के सूचना प्रकाशन गरेको हो सोको प्रमाण पेश गर्नु पर्ने रु.<br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>पत्रिका</th><th>रकम</th></tr>
<tr><td>३७/२०७५।६।२५</td><td>सिन्धुवुलन्द, सिन्धपाल्चोक</td><td>१५०००।-</td></tr>
<tr><td>५५/२०७५।७।१४</td><td>सिन्धुप्रवाह, सिन्धपाल्चोक</td><td>२५०००।-</td></tr>
<tr><td></td><td>जम्मा:-</td><td>४००००।-</td></tr>
</table></td><td>४०,०००/-</td></tr>
<tr><td>२२.</td><td>गो.भौ.नं.६४/मिति २०७५।८।३:- आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। तर कार्यालयले वडा नं.५ का जनप्रतिनिधिहरुलाई २०७५ श्रावण र भाद्र महिनाको बैठक भत्ता बापतको रु.५४०००।- वितरण गरेकोमा म.वि.सा बिमला अधिकारीले ६ पटकको बैठक भत्ता रु.७६५०।-(कर बाहेक) बुझेको भरपाई नभएकोले भर्पाइ पेश गर्ने अन्यथा असुल गनुपर्ने रु.</td><td>६,७५०/-</td></tr>
<tr><td>२३.</td><td>गो.भौ.नं.७९/मिति २०७५।८।१३:-खा.पा.स.टे. विश्व विश्वकर्मालाई संलग्न रमाना पत्र अनुसार २०७५ श्रावण देखि कार्तिक सम्मको तलव भत्ता भुक्तानी बाँकी रहेकोभनीउक्त अवधिको तलव भत्ता र चाडपर्व खर्च समेत रु.१३२४७८।- भुक्तानी गर्दा यस कार्यालयमा हाजिर नभएको अवधि २०७५ श्रावण देखि कार्तिक सम्म ४ महिनाको स्थानीय भत्ता प्रति महिना रु.७९०।- का दरले जम्मा रु.३१६०।- भुक्तानी गरेको पाईएकोले उक्त नपाउनेस्थानीय भत्ता असुल गर्नु पर्ने रु.</td><td>३,१६०/-</td></tr>
<tr><td>२४.</td><td>गो.भौ.नं.९२/मिति २०७५।८।२०:- आयकर ऐन, २०५८ बमोजिम भाडा तथा पुरस्कार वितरण गर्दा क्रमश: १० र २५ प्रतिशतका दरले भुक्तानीको अवस्थामानै अग्रिम कर कट्टी गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाको बार्षिक कार्यक्रम अनुसार साँस्कृतिक कार्यक्रम संचालनको लागि गाउँपालिका अन्तरगतका १० वटा माध्यमिक बिद्यालयका बिद्यार्थीहरुलाई सहभागि गराई कार्यक्रम संचालन गर्दा कूल खर्च रु.१७४६१०।- खर्च भएको छ। उक्त खर्चको स्रेस्ताको परीक्षण गर्दा निम्न व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td>२४.१.</td><td>बिद्यालयहरुलाई पुरस्कार वितरण गर्दा नियमानुसारको कर कट्टा नगरेकोले असुल गर्नु पर्ने रु.<br>
<table>
<tr><th>बिद्यालयको नाम</th><th>पुरस्कार रकम</th><th>कर</th></tr>
<tr><td>आनन्द मा.वि.वडा नं.१</td><td>७०००।-</td><td>१७५०।-</td></tr>
<tr><td>भिमसेन मा.बि.वडा नं.३</td><td>४०००।-</td><td>१०००।-</td></tr>
<tr><td>लक्ष्मी देवी मा.बि.वडा नं.२</td><td>४०००।-</td><td>१०००।-</td></tr>
<tr><td>बलेफी मा.बि.वडा नं.५</td><td>१२०००।-</td><td>३०००।-</td></tr>
<tr><td>बालशिक्षा मा.बि. वडा नं.७</td><td>१२०००।-</td><td>३०००।-</td></tr>
<tr><td>सेती देवी मा.बि.वडा नं.४</td><td>२०००।-</td><td>५००।-</td></tr>
<tr><td>आनन्द मा.बि. जलवीरे</td><td>३०००।-</td><td>७५०।-</td></tr>
<tr><td>बाल शिक्षा मा.बि.</td><td>६०००।-</td><td>१५००।-</td></tr>
<tr><td></td><td>जम्मा:-</td><td>१२५००।-</td></tr>
</table></td><td>१२,५००/-</td></tr>
<tr><td>२४.२.</td><td>खाडीचौर क्याटरीङ्ग एण्ड रेन्टल सर्भिस, खाडीचौरलाई हल भाडा बापतको वहाल रकम रु.२७७५०।- भुक्तानीमा कर नकटाएकोले असुल गर्ने रु.</td><td>२,७७५/-</td></tr>
<tr><td>२४.३.</td><td>स्पिकर तथा साउण्ड सिस्टमको भाडा रु.१३०००।- राजेन्द्र श्रेष्टलाई भुक्तानी गर्दा नियमानुसार लाग्ने कर नकटाएकोले असुल गर्नु पर्ने रु.</td><td>१,३००/-</td></tr>
<tr><td>२५.</td><td>गो.भौ.नं.१२९मिति २०७५।१०।४:-कुनै पनि सरकारी निकायले छुट्टै अस्तित्व र बजेट भएका जिल्लास्तरीय सरकारी निकायले खर्च व्यहोर्नु पर्ने अवस्था सृजना भएमा सम्बन्धित मन्त्रालयको सहमति र</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>तालुक कार्यालयको पूर्व स्वीकृति लिएर मात्र अनुदान वा खर्च लेख्नु पर्नेमा त्यस्तो स्वीकृति र सहमति बेगर जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकका कर्मचारीहरु क्रमश: शा.अ.युग बहादुर खड्कालाई रु.१०३९०।- र ना.सु.गोविन्द प्रसाद नेपाललाई रु.७८५०।- समेत कूल रु.१८२४०।- (अन्य कार्यालयका कर्मचारीहरुलाई) नियम बिपरीत दैनिक भ्रमण भत्ता खर्च लेखेको पाईएकोले असूल हुनु पर्ने खर्च रु..</td><td>१८,२४०/-</td></tr>
<tr><td>२६.</td><td>गो.भौ.नं.१४०/मिति २०७५।१०।२१:-आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले गाउँपालिका र कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठक बापतको बैठक भत्ता खर्च रु.३१०५००।- भएको मध्ये निम्न जनप्रतितिधिहरुले बैठक भत्ता बुझेको भरपाई संलग्न रहेको नदेखिएकोले भरपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु.
<table>
<tr><th>जनप्रतिनिधि</th><th>भत्ता(कर बाहेक)</th></tr>
<tr><td>अ.केदार क्षेत्री</td><td>१२७५।-</td></tr>
<tr><td>स.कमला श्रेष्ट</td><td>१२७५।-</td></tr>
<tr><td>स.विदुर खड्का</td><td>२५५०।-</td></tr>
<tr><td>बाबुकाजी भुजेल</td><td>१२७५।-</td></tr>
<tr><td>कालि प्रसाद लामा</td><td>१२७५।-</td></tr>
<tr><td>बिकास श्रेष्ट</td><td>१२७५।-</td></tr>
<tr><td>ईश्वरी भण्डारी</td><td>१२७५।-</td></tr>
<tr><td>राजाराम अर्याल</td><td>१२७५।-</td></tr>
</table></td><td>११,४७५/-</td></tr>
<tr><td>२७.</td><td>गो.भौ.नं.१५२/मिति २०७५।११।६:-आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सूचना प्रकाशन गरेको भनी सिन्धु प्रवाह साप्ताहिकलाई रु.१२५००।- को मात्र विल संलग्न भएकोमारु.२००००।- खर्च लेखेको पाईएकोले बढी भुक्तानी रु.७५००।- असुल गर्नु पर्ने रु.</td><td>७,५००/-</td></tr>
<tr><td>२८.</td><td>गो.भौ.नं.१५८/मिति २०७५११।९:-आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्यालय संचालन खर्च समेत रु.१०६११५०।- खर्चमा बैठक भत्ता खर्च रु.६९०००।- रहेकोमा निम्न व्यक्तिहरुले भत्ता बुझेको भरपाई नरहेकोले पेश गर्नु पर्ने अन्यथा असुल गर्ने रु.
<table>
<tr><th>जनप्रतिनिधि</th><th>भत्ता(कर बाहेक)</th></tr>
<tr><td>स.कार्केल लामा</td><td>१२७५।-</td></tr>
<tr><td>स.बिकास श्रेष्ठ</td><td>१२७५।-</td></tr>
<tr><td>स.कृष्ण प्रसाद आचार्य</td><td>१२७५।-</td></tr>
</table></td><td>३,८२५/-</td></tr>
<tr><td>२९.</td><td>गो.भौ.नं.२०१/मिति २०७५।१२।२१:-आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले विविध तथा कार्यालय संचालन खर्च रु.७२६७५।- मध्ये बैठक भत्ता बापत भ.अ.शिला जैसीलाई रु.१२७५।- ,ई प्रदिप कक्षपतीलाई रु.१२७५।-, ले.पा किरण मास्केलाई रु.१२७५।- यो.प्र.खम्बध्वज कार्कीलाई रु.१२७५।- समेतको बैठक भत्ता रु.५१००।- सम्बन्धित कर्मचारीहरुले बुझेको भरपाई संलग्न नरहेकोले भरपाई पेश गर्ने अन्यथा असुल गर्ने रु.</td><td>५,१००/-</td></tr>
<tr><td>३०.</td><td>गो.भौ.नं.२७१/२०७६।२।२१:- आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले दैनिक भ्रमण भत्ता तथा बैठक भत्ता र मर्मत समेतको कूल खर्च रु.९१७६५।- मध्ये स.मधु बहादुर थापालाई रु.१२७५।- ख.चरी बहादुर तामाङ्गलाई रु.१२७५।- समेत रु.२५५०।- बैठक भत्ता भुक्तानी गरेकोमा निजहरुले बुझेको भरपाई संलग्न नरहेकोले पेश गर्ने अन्यथा असुल गर्नु पर्ने रु.</td><td>२,५५०/-</td></tr>
<tr><td>३१.</td><td>मर्मत अभिलेख: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार मालसामान मर्मत सम्भार गर्ने गराउने कार्यविधिमा कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र सोको लागत अनुमान तयार गरी स्वीकृत गराउनुपर्ने, पांच हजार रुपैयां भन्दा वढी पर्ने उपकरण वा पार्टपूर्जाको अभिलेख राख्नुपर्ने पार्टपूर्जा उपकरण प्रतिस्थापन गरीएको कुरा सम्वन्धित प्राविधिकबाट प्रमाणीत गराई पुराना सामान</td><td></td></tr>
</table>

जिन्सी दाखिला गर्नुपर्ने छ भनि उल्लेख भएको छ । साथै चल्ति सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राख्नुपर्ने प्रावधान रहेकोमा कार्यालयले मर्मत सम्भार र इन्धनमा खर्च गर्दा म.ले.प.फा.न.२ मा अभिलेख राखेको छैन र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ को कार्यविधि पुरा समेत गरेको पाइएन । उदाहरणको लागि गो.भौ.नं.२९९ मिति २०७६।३।९ बाट कार्यालयको बा.१ भ.७१५६ नम्बरको गाडी मर्मत गर्दाको खर्च रु.३२९०८।- को मर्मत अभिलेख तथा म.ले.प.फा.नं.२ राखेको देखिएन ।

३२. **पेश्की बाँकी:-**आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ७७ अनुसार कुनै सरकारी कार्यालयले मालसामान खरीद गर्न,सेवा उपलब्ध गर्न वा निर्माण सम्बन्धी कामको लागि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई पेश्की दिने व्यवस्था छ । कार्यालयले वडा कार्यालयको कार्यक्रम संचालनको लागि वडा सचिव श्री कार्केल लामालाई उपलब्ध गराएको पेश्की रु.३०००००।- आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट गर्न बाँकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नु पर्ने देखिएको रु. ३,००,०००/-

३३. **प्रधानमन्त्री रोजगार कार्यक्रम :** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार स्थानीय स्तरमा उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उल्लेख छ । साथै सोही निर्देशिकाको दफा ५ मा न्यूनतम रोजगारीको प्रत्याभुति, आन्तरिक रोजगारी प्रवर्द्धन, अन्तर निकाय समन्वयमा थप रोजगारीको अवस्था सिर्जना तथा नयाँ रोजगारीका क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वेरोगारहरुको तथ्यांक अध्यावधिक गरी उपलब्ध श्रोत साधन तथा बजेटको अधिकतम् सदुपयोग हुनेगरी स्थानीय स्तरमा दिर्घकालिन रोजगारी सिर्जना गर्ने कार्यक्रमको छनौट तथा खर्च गर्नुपर्नेमा गाउँपालिकाबाट प्राप्त विवरण अनुसार तपसिल बमोजिम बाटोको सफाई, मर्मत तथा वृक्षारोपण जस्ता कार्यमा रु.२४,९८,५१५.०० खर्च गरेको देखियो :

| सि.नं | गो.भौ मिति | कामको विवरण | खर्च भएको रु. |
|---|---|---|---|
| १ | ४-२०७६/३/३१ | वडा नं. ३ मा वृक्षारोपणका लागि खाल्टो खन्ने | ४२१४४३.०० |
| २ | ४-२०७६/३/३१ | वडा नं. ७ खाडीचौर चिम्लिङ पैदल मार्ग निर्माण तथा मर्मत सुधार | ४०६२३०.०० |
| ३ | ४-२०७६/३/३१ | वडा नं. ८ लामोसाघु टोप्का सडक सरसफाई, सोलिङ तथा मर्मत | ४००५३४.०० |
| ४ | ३-२०७६/३/३१ | वडा नं. ४ घट्टेखोला सिंढी निर्माण | ४९५०००.०० |
| ५ | २-२०७६/३/३१ | वडा नं. २ नौविसे कल्लेरी सडक मर्मत सुधार | २८०३०८.०० |
| ६ | १-२०७६/३/३१ | वडा नं. १ ढाँडे खेम्लुङवेसी कृषि सडक निर्माण | ४९५०००.०० |
| | | **जम्मा** | **२४९८५१५.००** |

- माथि उल्लेख गरिएका कार्यहरुमा दक्ष कामदार र अदक्ष कामदारहरु प्रयोग भएको भनी जिल्ला दर रेट बमोजिमको रकम वडा अध्यक्ष मार्फत भुक्तानी भएको,
- उपरोक्त अनुसारका कार्यहरुको प्राविधिक नापजाँच वेगर कति परिमाणमा कार्य सम्पन्न हुनुपर्ने र कुन परिमाणमा कार्य सम्पन्न भएको हो सो समेत नखुलाई भुक्तानी भएको अवस्थामा गाउँपालिकाबाट पूजिगततर्फ यस आर्थिक वर्षमा संचालित योजनाहरु एउटै वा फरक भए नभएको तथा सो भन्दा फरक उपभोक्ता समितिबाट भएको कार्यमा खर्च भएको भन्नेमा एकिन गर्न सकिएन ।
- उपरोक्त विवरण अनुसार स्थानीय सिपको प्रयोग तथा दिर्घकालिन रोजगारी सिर्जना हुने गरी वेरोजगारको क्षमता विकास तथा सिप सिकाई सम्बन्धी कार्य भएको पाईएन् ।

त्यसैले आगामि दिनमा गाउँपालिकाले यस प्रकारका निर्माण कार्य गर्दा प्राविधिक लागत अनुमान सहित, निर्माण कार्यको गुणस्तर तथा कार्य सम्पन्न पश्चात् प्राविधिक मूल्यांकन समावेश गरी तोकिए बमोजिमको बजेट सिमा भित्र रहि उद्देश्य प्राप्त हुने गरीखर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३४. **दाखिला बाँकी कर :** आयकर ऐन, २०५८ को दफा ९० मा आयकर ऐन बमोजिम कट्टी गरिएको कर रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र विवरण सहित दाखिला गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ का विभिन्न भूक्तानीमा कट्टी गरेको रकम सम्बन्धित खातामा राजस्व दाखिला नगरी गाउँपालिका संचित कोषमै राखेको देखियो । त्यसैले तपसिल बमोजिमको कर कट्टी रकम संघीय संचित कोष दाखिला हुनुपर्ने रु... ६,०८,७६३.०० 

| शि.नं. | विवरण | दाखिला गर्न बाँकी कर |
|---|---|---|

| | | रकम |
|---|---|---|
| प्रदेश सरकार सशर्त अनुदान | अग्रिम कर लगायतका विभिन्न कर कट्टी रकम | ४७७३१९.०० |
| स्थानीय पूर्वाधार विकास | अग्रिम कर लगायतका विभिन्न कर कट्टी रकम | १०६२९६.०० |
| प्रधानमन्त्रि रोजगार कार्यक्रम | अग्रिम कर लगायतका विभिन्न कर कट्टी रकम | २५१४८.०० |
| | जम्मा | **६०८७६३.००** |

३५. **शर्त विपरितको खर्च :** संघ तथा प्रदेस सरकारबाट शर्त सहित उपलब्ध गराएको रकम तोकीएको कार्यक्रममा मात्र खर्च गर्ने र आर्थिक बर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रकम सम्बन्धित सरकारमा फिर्ता पठाउनु पर्दछ । तर गाउँपालिकाले भूकम्प पिडित यूवा उद्यमी प्रवर्द्धन कार्यक्रम अन्तर्गतखर्च गर्नुपर्ने गरी प्रदेश नं. ३ सरकारलेरु.१ करोड ५० लाख उपलब्ध गराएकोमा मिति २०७५ मंसिर १९ मा बसेको गाउँ कार्यपालिकाले प्रदेश सरकारको सहमति वेगर उक्त रकम मध्ये रु.२५ लाख जग्गा खरिदमा र रु.५० लाख भवन निर्माणमा खर्चगर्ने निर्णय गरेको छ । यसरी तोकीएको शर्त भन्दा फरक कार्यमा खर्च गर्न प्रदेश सरकारको सहमति लिनुपर्नेमा लिएको नदेखिएको रु. ७५,००,०००/-

३६. **चेनेज नखुलाएको :**सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा, विलको भुक्तानी गर्दा, नापी किताब तयार गर्दा र कार्यसम्पन्न प्रतिवेदन समेतमा स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर गाउँपालिकाले तपसिल बमोजिमका सडक निर्माणमा प्राविधिकले लागत अनुमान तयार गरी रनिङ बिल भक्तानी गर्दा तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज खुलाइको पाईएन । जसबाट उक्त निर्माण भएको सडकको बास्तविक लम्बाई, उपभोक्ता समितिबाट भएको  कार्य, एकै स्थानमा दोहोरो पर्ने गरी कार्य भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । तसर्थ गाउँपालिकाबाट निर्माण हुने ग्रामिण तथा अन्य सडक आयोजनाको लागत अनुमान तयार गर्दा, कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा सोको प्राविधिक नाप जाँच सहितको चेनेज खुलाई निर्माण कार्य गर्नेतर्फ तथा ध्यान दिनुपर्दछ ।

| शि.नं. | सडकको नाम | लागत अनुमान रु. | गा.पा.बाट खर्च लेखिएको रकम रु. |
|---|---|---|---|
| स्थानीय पूर्वाधार विकास साझेदारी | मांखा चिम्लिङ सडक योजना | ५३६१५४८.४० | ५००००००.०० |
| प्रदेश सर्शत अनुदान | लामोसाँघु टोप्का पोखरिगाउँ सडक योजना | ५५१३५४०.०० | ५००००००.०० |
| प्रदेश सर्शत अनुदान | कोठे विञ्जेल धूस्कोट जलविरे सडक योजना | ५५५८०७३.९६ | ५००००००.०० |
| प्रदेश सर्शत अनुदान | कोठे विञ्जेल धुस्कोट सडक योजना | ३३०५२७४.०० | ३००००००.०० |
| प्रदेश सर्शत अनुदान | जलविरे धुस्कोट सडक योजना | ३२४९५८०.६० | ३००००००.०० |
| प्रदेश सर्शत अनुदान | जलविरे वनकाली हंगाम सडक योजना | ३१०३८२४.४९ | ३००००००.०० |
| | जम्मा | **२६०९१८४१.४५** | **२४००००००** |

३७. **मू.अ.करसमायोजन :**मूल्य अधिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूति गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ ।  तर गाउँपालिकाले तपसिल बमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन । त्यसैले सम्बन्धित ठेकदार वा आपुर्तिकर्ताबाट गाउँपालिकाबाट भूक्तानी भएको भू.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुने पर्ने रु. ६,३२,८६०/-

| सि.नं. | गो.भौ.न. /मिति | भूक्तानी पाउने फर्मको नाम/विवरण | बिजक रकम (मू. अ.कर बाहेक) | मू. अ. कर रकम रु. |
|---|---|---|---|---|
| प्रदेश सशर्त | १६-२०७६/०३/१३ | भूकम्प पिडित यूवा उद्यमी कार्यक्रम अर्न्तगत च्याउखेती सम्बन्धी तालिम संचालन गरे वापत च्वाईस इन्टरनेसरनल प्रा.लि. काठमाडौंलाई भुक्तानी भएको रु. | ८८३००० | ११४७९० |
| प्रदेश सशर्त | १७-२०७६/०३/१३ | भूकम्प पिडित यूवा उद्यमी कार्यक्रम अर्न्तगत फलफूल खेती सम्बन्धी तालिम | ४३९८५० | ५७१८१ |

| | | | | |
|---|---|---|---|---|
| | | संचालन गरे वापत ओपिनियन रिसर्च एण्ड डेभलपमेन्ट, काठमाडौंलाई भुक्तानी भएको रु. | | |
| प्रदेश सशर्त | १८-२०७६/०३/१३ | भूकम्प पिडित यूवा उद्यमी कार्यक्रम अर्न्तगत फलफूल खेती सम्बन्धी प्राविधिक तालिम संचालन गरे वापत ऐन्जल नेपाल प्रा.लि.,काठमाडौंलाई भुक्तानी भएको रु. | ८८३००० | ११४७९० |
| प्रदेश सशर्त | २०-२०७६/०३/१८ | अपांग महिला हस्तकला तालिम संचालन गरे वापत इन्लाइटेन रिसर्च एण्ड मेनेजमेन्ट कन्सल्टेन्सी,काठमाडौंलाई भुक्तानी भएको रु. | ८८२७४३ | ११४७५६ |
| प्रदेश सशर्त | २०-२०७६/०३/१८ | भूकम्प पिडित यूवा उद्यमी कार्यक्रम अर्न्तगत बेकरी तालिम संचालन गरे वापत रुरल इन्फ्रास्टक्चर एण्ड मेनेजमेन्ट प्रा.लि., भक्तपुरलाई भुक्तानी भएको रु. | ४३९८५० | ५७१८० |
| प्रदेश सशर्त | २३-२०७६/०३/२३ | भूकम्प पिडित यूवा उद्यमी कार्यक्रम अर्न्तगत कुर्ता बुनाई तालिम संचालन गरे वापत आई.सि.टी. ट्रेनिङ सेन्टर, काठमाडौंलाई भुक्तानी भएको रु. | ८८३१०० | ११४८०३ |
| राष्ट्रिय ग्रामिण तथा उर्जा | १-२०७६/०३/०९ | उर्जा प्रविधि जडान गरेबापत ब्राइट इनर्जि प्रा.लि. लाई भुक्तानी भएको रु. | ७००८१० | ५९३६० |
| | | **जम्मा** | **४३१७६५३** | **६३२८६०** |

३८. **योजनाको लागत अनुमानः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारको स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार कार्यालयले विभिन्न संरचना निर्माण कार्यको दर विश्लेषण गर्दा फरक नर्म्स प्रयोग गरी लागत अनुमान तयार पारेको देखियो । जसको कारणबाट त्यस्ता योजनाहरुको तुलानात्मक रुपमा लागत अनुमान बढी भएको देखियो । उपभोक्ता समितिहरुसँग लागत अनुमानको दरमा नै सम्झौता हुने र सोही दरमा भुक्तानी भएको हुँदा देहायका योजनाको लागत रु.**५७,७८१.००** ले बढन गएको छ । यसरी फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्ने प्राविधिकहरुलाई जिम्मेवार बनाई योजनाको लागत अनुमान तयार गर्दा नेपाल सरकारको स्वीकृत नर्म्सको प्रयोग गरी दर विश्लेषण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं./मिति | योजनाको नाम/ विवरण | कार्य परिमाण ( घ.मी.) | प्रति घ.मी. थप लागत | बढी भुक्तानी रु. |
|---|---|---|---|---|
| २२-२०७६/०३/१८ | जलविरे धुस्कोट सडक म्यासनरी वाल १:४ मा नर्म्स अनुसार ज्यामी ३.५ र सिपालु २ प्रयोग गर्नुपर्नेमा क्रमशः ५.२ र २.५ प्रयोग गरेको ( जिल्ला दर रेट ज्यामी रु.६६५ र सिपालु रु.१००३) | ३६.३८ | १३५८.२७ | ४९४११.३१ |
| १२-२०७६/०२/३१ | कोडे विञ्जेल धुस्कोट सडक म्यासनरी वाल १:४ मा नर्म्स अनुसार ज्यामी ३.५ प्रयोग गर्नुपर्ने ५.४ प्रयोग गरेको (जिल्ला दर रेट ज्यामी रु.६६५) | ६.४८ | १२९१.६२ | ८३६९.६९ |
| | | | **जम्मा** | **५७७८१.००** |

३९. गो.भौ.नं.३९९/मितिः-२०७६।२।३१:-कार्यालयको स्वीकृत योजना अनुसार भोगेचौर खेल मैदान निर्माण कार्यको लागि कार्यालयले रु.५०००००।- व्यहोर्ने र उपभोक्ता समितिले रु.३५९७२।७४ को श्रमदान गर्ने गरी रु.५३५९७२।७४ को संझौता भएको छ । निर्माण कार्य सम्पन्न भई प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.५३०५४३।२८ को मात्र कार्यम्पन्न भएको हुदा थोरै कार्य सम्पन्न हुदा सोही अनुपातमा रु.४९४९३५।- मात्र कार्यालयले भुक्तानी गर्नु पर्नेमा पुरै रु.५०००००।- भुक्तानी दिई रु.५०६५।- बढी खर्च लेखेको पाईएकोले उक्त बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु. ५,०६५/-

| | | |
|---|---|---|
| ४०. | गो.भौ.नं.५००/२०७६।३।२०:-कार्यालयको बार्षिक कार्यक्रम अनुसार बलेफी बजारको नियमित सरसफाई कार्यको लागि नवप्रतिभा युवा क्लव, बलेफीसँग मिति २०७५।११।१३ मा भएको संझौता बमोजिम क्लवले प्रति घर धुरीबाट रु.५०।- र प्रति पसलकवल तथा व्यवसायीबाट रु.१००।- का दरले संकलन भएको रुकमको ५० प्रतिशत रकम गाँउपालिकाको कोषमा जम्मा गरे पछि मात्र पहिलो किस्ता वापतको रु.५००००।- क्लवलाई उपलब्ध गराउनु पर्ने संझौता गरेकोमा क्लवबाट के कति रकम संकलन भएको हो स्पष्ट छैन् । साथै क्लवबाट संकलित रकमको ५० प्रतिशतले हुने रकम गा.पा.को कोषमा जम्मा नगरी संझौता विपरीत पहिलो किस्ता वापत रुकम रु.५०,०००.०० भुक्तानी दिएको देखिएको रु. | ५०,०००/- |
| ४१. | **पूजिगत शीर्षबाट अनुदान दिएको**:स्थानीय निकाय (आर्थिक प्रशासन)नियमवाली,२०६४ को नियम ५३ बमोजिम स्वीकृत बजेटको परिधि भित्र रहि गाउँपालिकाको कार्यालयले कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको रकमबाट अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाउने व्यवस्था छ । तर कार्यालयले नि:शर्त अनुदानको पूँजिगत शीर्षकबाट अनुदान तथा आर्थिक सहायतामा खर्च लेख्ने गरेको देखियो । संघीय सरकारबाट प्राप्त निशर्त अनुदान रकमबाट आर्थिक सहायता दिने कार्य नगरी बिकास निमार्णका कार्यक्रममा मात्र खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ । उदाहरण : गो.भौ.नं. ५५०/मिति २०७६।३।२५ बाटरु.८००००।-रकम पतञ्जली योग समिति, सिन्धपाल्चोकलाई अनुदान दिएको छ । | |
| | **वित्तिय समानीकरण पुजिगत** | |
| ४२. | **वार्षिक खरिद योजना/ गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले वित्तीय समानीकरण लगायत बिभिन्न शीर्षकबाट यो वर्ष रु. १४ करोड ६० लाख ५२ हजारको पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अत: यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४३. | **योजना र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्तहुने योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले योजना तर्जुमा गर्दा तद्नुसार सहभागितामुलक योजना तर्जुमा गरी कार्यान्वयन गरेता पनि मध्यम तथा दीर्घकालिन प्रकृतिको उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरेको एंव दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यो वर्ष गाउँपालिकाले पुँजीगत तर्फ रु. १४ करोड ६० लाख ५२ हजार बजेट विनियोजन गरी ४१२ वटा योजनाहरु कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेको छ । सो मध्ये नगरस्तरीय १७१ वटा र वडा स्तरीय २४ वटा योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा कार्यपालिकाको निर्णयले समेत योजनाहरु थप/संशोधन गरी कार्यान्वयन गर्ने गरेको छ । गाउँपालिकास्तरीय योजनाहरु १ लाखभन्दा साना देखी १० लाखभन्दा बढी सम्मका र वडा स्तरका योजनाहरु १ लाख भन्दा साना देखी ५ लाख भन्दा बढी रकमसम्मका छनौट गरिएका छन् । छनौट गरिएका योजनाहरु मध्ये ३८२ वटा योजनाहरु १० लाख भन्दा कम रकमका रहेका छन् । यस्ता साना र छरिएर रहेका योजनाहरुले गाउँपालिकाको दीर्घकालिन लक्ष्य हासिल गर्न नसक्ने साथै प्रतिफलमूलक नतिजा दिन नसक्ने भएकाले ठूला र दीर्घकालिन प्रकृतिका आयोजना तथा कार्यक्रम छनौट गरिनुपर्दछ । | |

| योजना | संख्या | रकम ( हजारमा) | अबण्डा रकम | जम्मा बजेट( हजारमा) | १ लाखसम्म | ५ लाखसम्म | १० लाखसम्म | १० लाख भन्दा बढी |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गा.पा.स्तरीय | १७१ | ९५६३८ | ९९४ | ९६६३२ | ४१ | ९५ | २१ | १४ |
| वडास्तरीय | संख्या | रकम | ० | ० | १ लाखभन्दा कम | लाख भन्दा कम | ५ लाख भन्दा कम | ५ लाख भन्दा बढी |
| वडा नं १ | २६ | ५९२० | ५०० | ६४२० | २ | ८ | १४ | २ |
| वडा नं २ | ३२ | ६०२० | ३८० | ६४०० | ४ | ११ | १५ | २ |
| वडा नं ३ | २१ | ५७५० | ६५० | ६४०० | ४ | ३ | १० | ४ |
| वडा नं ४ | ३४ | ५७५० | ५५० | ६३०० | २ | १८ | १४ | ० |
| वडा नं ५ | १८ | ५३०० | २०० | ५५०० | २ | ५ | ५ | ६ |
| वडा नं ६ | ३५ | ५८५० | ५५० | ६४०० | ५ | २० | ८ | २ |
| वडा नं ७ | ४० | ६०२० | ३८० | ६४०० | ६ | २१ | १३ | ० |
| वडा नं ८ | ३५ | ५३०० | ३०० | ५६०० | ४ | १८ | १३ | ० |
| **जम्मा** | **४१२** | **१४१५४८** | **४५०४** | **१४६०५२** | **७०** | **१९९** | **११३** | **३०** |

४४. **अबण्डा रकम :** गाउँपालिकाको कूल पुँजीगत/कार्यक्रम बजेट मध्ये रु.४५,०४,१७४/- अबण्डा राखेको देखिन्छ । गाउँसभाबाट पारित बजेटमा अवण्डा राखेको बजेट रकम कार्यपालिकाको निर्णयबाट छनौट नगरिएका योजनाहरुमा खर्च गर्नुका साथै आर्थिक सहायता जस्ता अनुपात्दक क्षेत्रमा खर्च हुने गरेको देखिन्छ । बजेट तथा कार्यक्रममा अबण्डा रकम राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४५. **खर्च अनुमोदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिवाट खर्च अनुमोदन गरेको प्रमाण पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

४६. **आयोजना हस्तान्तरण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(१२) को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन भएका आयोजनाहरु सम्पन्न पश्चात् समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत बर्ष देखि सम्पन्न भएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवार समेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमानै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा गाउँपालिकाको ध्यान जानुपर्दछ ।

४७. **भ्रमण प्रतिवेदन** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ताको लागि भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदनको साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारीहरु आयोजनाहरुको स्थलगत निरीक्षण गर्न गएको

भनी दैनिक भ्रमण भत्ता दावी गर्दा स्थलगत रुपमा पहिचान भएका समस्या, समाधानका लागि गरिनु पर्ने उपाय सहितको प्रतिवेदन लिनु पर्नेमा भ्रमण विल मात्र पेश गर्ने र भ्रमण प्रतिवेदन पेश नगर्ने गर्दा उक्त कर्मचारी अनुगमन निरीक्षण भ्रमणमा गएको प्रमाण समेत पेश नहुने भएकोले भ्रमण प्रतिवेदन पेश गरे पछि मात्र भुक्तानी गर्ने एवं भ्रमण प्रतिवेदनमा उल्लेखित महत्वपूर्ण सुझावहरुको कार्यान्बयन समेत हुनुपर्दछ ।

४८. **आर्थिक सहायता :**कार्यालयले वित्तीय समानीकरण पुँजीगत तर्फबाट खर्चको विल भरपाई राखि २६ जनालाई रु.४,९४,५००/-आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

४९. **उपभोक्ता समितिको योगदान :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(४) उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयबाट उपभोक्ता समिति मार्फत सञ्चालित देहायका योजनाको बिल भुक्तानी गर्दा लागत अनुमानमा तोकिएको भन्दा घटी योगदान गरेका उपभोक्ताको बिलमा समेत कार्यालयबाट पूरै रकम भुक्तानी भएको देखिन्छ । सम्झौता बमोजिम उपभोक्ताले गर्नुपर्ने काम नगरेको अवस्थामा कार्यालयबाट भुक्तानी गर्नुपर्ने रकम समेत सोही अनुपातमा कट्टा गरी भुक्तानी गर्नुपर्नेमा उपभोक्ताको योगदान नपुगेका योजनामा समेत पूरै रकम भुक्तानी गरेको हुँदा उपभोक्ताको नपुग योगदान बराबरको रकम कट्टा गर्नुपर्नेरु.३,९४,१६३/- असुल गरी दाखिला हुनुपर्ने रु. ३,९४,१६३/-

| योजनाको नाम | सम्झौता | | | काम भएको | | | बढी भुक्तानी भएको रु. |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | कार्यालयको योगदान | उपभोक्ताको अंश | जम्मा | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | |
| चिलाउने सेल्लाप सडक | ६०१८११ | ५००००० | १०१८११ | ५८५४१० | ४७१७८२ | ४८५००० | १३२१७ |
| सिम्पानी वदार्वा सडक मर्मत | १४५०३४६ | १३००००० | १५०३४६ | १३५१५०० | ११७५०५८ | १२६१००० | ८५९४२ |
| महिला सामुदायिक भवन, धन्सार | १७१४७७४ | १५००००० | २१४७७४ | १६७२७९७ | १४५०६२९ | १४१९३८२ | ३१२४७ |
| खाडिचौर खानेपानी योजना | १३२६९७६ | १२००००० | १२६९७६ | ११०८७६० | ९७२५८४ | ११७८४०० | २०५८१६ |
| लामोसाँघु टोपका पोखरीगाँउ खाडिचौर सडक | ५५१३५४१ | ५०००००० | ५१३५४० | ५४२८८०२ | ४७७२४०७ | ४८११३३५ | ३८९२८ |
| तालिम केन्द्र भवन निर्माण | ५२१२६६५ | ५००००० | २१२६६५ | ५१९३६५२ | ४८३०९८७ | ४८५०००० | १९०१३ |
| **जम्मा** | **१५८२०११३** | **१००००००००** | **१३२०११२** | **१५३४०९२१** | **१३६७३४४७** | **१४००५११७** | **३९४१६३** |

५०. **पदाधिकारीलाई पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ को उपनियम १ मा सरकारी वा अन्य कुनै व्यक्तिले सरकारी काम काजको निमित्त पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्ने र उपनियम २ मा पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा अन्य व्यक्तिको हकमा सो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना खुलाई पेश्की दिनुपर्ने व्यवस्था छ । त्यसैगरी उपनियम ३ मा यसरी लिएको पेश्की तोकिएको म्याद भित्र यसै नियमावलीको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । यस गाउँपालिकाले निर्वाचित जनप्रतिनिधीहरुलाई बिभिन्न कार्यक्रमका लागि पेश्की उपलब्ध गराउँदै आएकोमा नियमावलीको व्यवस्था बमोजिम पेश्की लिनुपर्नाको स्पष्ट कारण र आवश्यक रकमको विवरण समेत लिने गरेको देखिँदैन । निर्वाचित जनप्रतिनिधिलाई प्रयोजन बेगर अनावश्यक पेश्की दिने र समयमा पेश्की फछ्र्यौट नगर्ने कार्यमा यथाशिघ्र नियन्त्रण हुनु पर्दछ । जनप्रतिनिधीहरुलाई पेश्की दिएका केही उदाहरणहरु :

| भौ.नं. र मिति | पेश्की लिने पदाधिकारी | वापत | पेश्की रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १६/२०७५/६/१२ | वडा नं. ५ अध्यक्ष | अध्ययन अवलोकन भ्रमण | २,५०,०००/- |
| २०/२०७५/६/२३ | वडा नं. ७ अध्यक्ष | व्याटमिन्टल हल मर्मत | ३,००,०००/- |
| २६/२०७५/६/२५ | वडा नं. ८ अध्यक्ष | ग्रिन सिटी कार्यक्रम | १,००,०००/- |
| २८/२०७५/६/२५ | वडा नं. ६ अध्यक्ष | सडक मर्मत | १,५०,०००/- |
| ७५/२०७५/९/१९ | वडा नं. ५ अध्यक्ष | खेलकुद | २,००,०००/- |
| **जम्मा** | | | **१०,००,०००/-** |

५१. **बढी भुक्तानी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले देहायका रकम भुक्तानी गर्दा पेश भएको बिल भरपाई भन्दा बढी भुक्तानी दिएको देखिन्छ । बिल भरपाई बेगर भुक्तानी दिएको रकम असुल हुनपर्ने रु. २,८९,५६५/-

| भौ.नं र मिति | कामको विवरण | बिल रकम | खर्च रकम रु | बढी खर्च लेखेको रु. |
|---|---|---|---|---|
| ३०८ २०७६/१/३० | वडा नं. ३ ले सिन्धुपोष्टमा सूचना प्रकाशन | १०,०००/- | २०,०००/- | १०,०००/- |
| १०५ २०७५/१०/४ | जिल्ला फूटबल संघको पेश्की फछ्र्यौट | २,२०,४३५/- | ५,००,०००/- | २,७९,५६५/- |
| जम्मा | | २,३०,४३५/- | ५,२०,०००/- | २,८९,५६५/- |

५२. **निर्माण कार्यको गुणस्तर** : गाउँपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण कार्य गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

५३. **जटिलसंरचना निर्माण :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश भएका पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रकोमाध्यमबाट गराउन उपयुक्त हुने देखिन्छ ।

## जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा

५४. **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस वर्ष नगरपालिकाले रु.३,९६,८५,००३.०० सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । यस सम्बन्धमादेखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन ।

(ख) लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको संख्या एकिन गरी तयार नगरेकोले अद्यावधिक विवरण उपलब्ध हुन सकेन ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

(घ) हाल स्थानीय तहमा बैकिङ्ग सुविधा उपलब्ध भईसकेको अवस्थामा निर्देशिका अनुसार सम्पूर्ण वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिङ्ग प्रणालीसँग आवद्ध गरेको छैन ।

(ङ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छैन ।

त्यसैले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिनगाउँपालिका स्तरीय अनुगमन संयत्रलाई

प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

५५. **बढी भुक्तानी** : सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७५ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्धिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा को अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो तथा बढी निकासा हुने गरेको देखिन्छ । नमुना परिक्षणको रुपमा यस गाँउपाकिाका वडा नं. ३ र ८ परिक्षण गर्दा तपसिल बमोजिमका एकै व्यक्तिको नाममा बढी भुक्तानी तथा पे.फ. गरिएको रकम असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. — १९,०००/-

| सि.नं | पद/नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | ३ नं. वडाका सविचश्री लक्ष्मण पौडेल | प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट गर्दा वितरण गरेको भरपाई भन्दा बढी पे.फ. गरिएको असूल गर्नुपर्ने रु. | १६०००.०० |
| २ | ३ नं. वडाका सहायक सविचश्री घम्मर ब. श्रेष्ठ | तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता पेश्की फछ्र्यौट गर्दा वितरण गरेको भरपाई भन्दा बढी पे.फ. गरिएको असूल गर्नुपर्ने रु. | ६००.०० |
| ३ | ३ नं. वडाका सहायक सविचश्री घम्मर ब. श्रेष्ठ | तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दलित बालवालिका तर्फ श्री सुमन वि.क. लाई ३ महिनाको बढी भुक्तानी गरिएको असूल गर्नुपर्ने रु. | १२००.०० |
| ४ | ३ नं. वडाका सहायक सविचश्री घम्मर ब. श्रेष्ठ | तेस्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दलित बालवालिका तर्फ श्री आशिकावि.क. लाई ३ महिनाको बढी भुक्तानी गरिएको असूल गर्नुपर्ने रु. | १२००.०० |
| | | **जम्मा** | **१९०००.००** |

**सशर्त अनुदानतर्फ**

**शिक्षा**

५६. भौ.नं. १ मिति २०७६/३/३०शिक्षा विभागवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६मा २कोठे भवन निर्माण गर्ने विद्यालयलाई रकम निकासा दिने सम्बन्धमा सम्झौता भएमा विद्यालयलाई तोकिएको काम सम्पन्न गरी विद्यालयले सो जानकारी गराई रकम माग गरे पछि प्राविधीकहरुले निरिक्षण गरी दिएको प्रतिबेदनको अधारमा स्वीकृत कार्यक्रमको परिधी भित्र रही तपशिल वमोजिम निकासा दिने उल्लेख छ।

स्थानिय निर्माण समाग्री जस्तै : ट्रस, जस्तापाता, ढुङ्गा गिट्टी, वालुवा आदि संकलन गरीजग खन्ने कार्य गर्न पहिलो किस्ता रकम कूल अनुदान रकमको ३० प्रतिशत,structural part को कार्य सम्पन्न भए पश्चात, दोश्रो किस्ताको रुपमा ५० प्रतिशत रकम निकासा दिने र कार्य सम्पन्न गरे पश्चात नापी किताब भरि कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कूल अनुदान रकमको २० प्रतिशत रकम निकासा दिने उल्लेख छ । तर यस गाउँपालिकाले निम्न २ विद्यालयसंग २ कोठे भवन निर्माण गर्न प्रति विद्यालय रु.१७,९८,४१४/१८ को लागत अनुमान मध्ये गा.पा.ले रु. १६,००,०००/- र जनश्रमदान रु. १,९८,४१४/१८ व्यहोर्ने गरी मिति २०७६/३/३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७६/३/२३ मा सम्झौता गरेको देखियो । यस प्रकार आ. व. को अन्ततिर सम्झौता गरेको कारण तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न हुन सकेको छैन । तापनि शिक्षा विभागवाट तयार गरीएको कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको मापदण्ड पूरा भए पछि ३ चरणमा रकम निकासा दिनु पर्नेमा सो नगरी आ. व. को अन्त्यमा सम्बन्धित विद्यालयको खातामा एकमुष्ट रकम निकासा पठाएको छ । यस्तो कार्यलाई नियम संगत मान्न सकिने अवस्था छैन । तापनि उक्त निर्माण कार्य हाल सम्म सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुन नआएको रु . — ३२,००,०००/-

| सि.नं. | विद्यालयको नाम | कूल लागत अनुमान | अनुदान निकासा रकम |
|---|---|---|---|
| क | वनकाली आ. वि. वलेफी | १७९८४१४ | १६००००० |
| ख | वलेफी मा.वि वलेफी | १७९८४१४ | १६००००० |
| **जम्मा** | | **३५९६८२८** | **३२०००००** |

| | | |
|---|---|---|
| ५७. | ९,०७६/३/३१ विद्यालय भवन निर्माण :- शिक्षा विभागवाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ मा ४ कोठे भवन सहित फर्निचर निर्माणको कूल लागत ३२ लाख रहेको छ । पहिलो वर्ष सञ्चालन हुने विद्यालय निर्माण कार्यमा निर्माण सामाग्री जस्तैReinforcement steel, ढुँङ्गा , गिट्टी, वालुवा आदि संकलन गरि जग खन्ने कार्य गर्न पहिलो किस्ताको रुपमा ३० प्रतिशत स्ट्रक्चरल पार्ट को कार्य सम्पन्न भए पश्चात दोश्रो किस्ताको रुपमा कूल अनुदान रकम को ५० प्रतिशत र कार्य सम्पन्न गरे पश्चात बाँकी २० प्रतिशत रकम निकासा दिने उल्लेख छ । तर गाँउ कार्यपालिका को कार्यालय बलेफीको च नं. २००० मिति २०७६/३/३१ को पत्रको ने. बै. लि. चौतारा शाखामा वन साँधु मा.वि वडा नं. ८ को नाममा रु १८००००० निकासा पठाएको र उक्त रकम गाउँपालिकाको अर्को पत्र प्राप्त नभए सम्मको लागी रकम रोका राखी दिन अनुरोध गरेको देखीन्छ । अर्थात उक्त विद्यालय संग भएको भवन निर्माण सम्बन्धी सम्झौता पेश नहुनको अतिरिक्त कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको मापदण्ड अनुसार रकम निकासा भएको नदेखिएकोले उक्त विद्यालयको निर्माण कार्यसुरु नै भएको भन्न सकिने अवस्था छैन । तसर्थ भवन निर्माण भएको भए कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने र भवन निर्माण सुरु नभएको अवस्था छ भने उक्त रकम फिर्ता प्राप्त गरी राजस्व जाम्मा हुनु पर्ने देखिएको रु. | १८,००,०००/- |
| ५८. | भौ. नं. ६ मिति २०७६/३/३१ : शिक्षा विभागवाट प्रकाशित कार्यक्रम पुस्तिका ०७५/०७६ मा सामुदायीक विद्यालयहरुलाई तोकिएको मापदण्डका आधारमा छनौटमा परेको विद्यालयमा शिक्षा विभागवाट निर्धारण गरिएको स्पेसिफीकेसन का आधारमा विज्ञान प्रयोगशाला स्थापना र व्यवस्थापन, पुस्तकालय स्थापना र व्यवस्थापन, शिक्षाको सिकाईमा सूचना प्रविधीको प्रयोगको लागी तोकिएको एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र विद्यालयले तोकिएको स्पेसिफकेसन वमोजिम आवश्यक फर्निचर, प्रयोगशाला सामग्री, उपकरण, पुस्तक लागायतका सामान सार्वजनिक खरिद ऐन नियमावली अनुसार प्रकृया पूरा गरी खरिद गर्नु पर्ने उल्लेख छ । जस अनुसार गा.पा. ले निम्न विद्यालयका नाममा निम्न रकम एकमुष्ट उपलब्ध गराएको छ ।तर विद्यालयले प्रकृया पूरा गरी खरिद गरेका छन छैनन् गाउपालिकावाट अनुगमन गरि प्रतिवेदन दिइको देखिदैन । | |

| सि.नं. | विद्यालय | क्रियाकालाप | अनुदान रकम |
|---|---|---|---|
| १ | आनन्द मा. वि.बलेफी जलविरे | विज्ञान प्रयोगशाला स्थापना र व्यवस्थापन | ६५०००० |
| २ | वाल शिक्षा मा. वि. बलेफी | विज्ञान प्रयोगशाला स्थापना र व्यवस्थापन | ६५०००० |
| ३ | भिम सेन मा.वि बलेफी | पुस्तकालयको स्थापना र व्यवस्थापन | ६५०००० |
| ४ | जालपा देवी मा. वि. बलेफी | शिक्षण शिकाईमा सूचना प्रविधीको प्रयोग | ६५०००० |
| ५ | शान्ति देवी मा. वि. बलेफी | शिक्षण शिकाईमा सूचना प्रविधीको प्रयोग | ६५०००० |

| | | |
|---|---|---|
| ५९. | वाल शिक्षा मा. वि. खाडीचौर (खाता नं.३९०) लाई तेश्रो चौमासिक किस्ता (बैशाख देखी अषाढको) गा.पा. का २ कर्मचारी शिव प्रसाद पराजुलीलाई रु.७५००/- र उज्जवल पराजुली लाई रु. ११,५००/- का दरले ३ महिनाको रु. ५७०००/- निकासा दिनुपर्नेमा रु.७५०००/- निकासा दिएकाले बढी निकासा भएको रु १८,०००/- असुल गरी राजस्व दाखीला हुनु पर्ने रु. | १८,०००/- |
| ६०. | भौ.नं. ५० मिति २०७५/६/२६ श्रोत व्यक्ति गंगा प्रसाद पौडेललाई श्रावण देखी असोज र दशै खर्च समेतको तलवी भर्पाई अनुसार रु. १५२,२४२/४० भुक्तानी दिँदा तलवी भर्पाइमा ३ महिनाको महङ्गी भत्ता भनि रु.२,०००/- ले रु. ६,०००/- राख्नु पर्नेमा रु. १,०००/- ले रु. ३०००/- मात्र राखेको भएतापनि गोश्वारा भौचरवाट उक्त रु. ३०००/- समेत खर्च गरी बजेट खर्च जनाई निज पौडेललाई भुक्तनी भैसकेकोमा पुन: कार्तिकको तलब भुक्तनी दिँदा श्रावण देखि असोजको छुट भत्ता भनि रु. ३०००/- भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको उक्त रकम रु. ३०००/- असुल हुनु पर्ने रु. | ३,०००/- |
| ६१. | बाल ज्योति आ. वि. (३९९४) लाई प्रथम चौमासिक रकम निकासा दिँदा श्रावण देखि कार्तिक र दशै खर्च समेत रु. ४०००/- ले माग फारम अनुसार रु. २०,०००/- माग गरेकोमा रु. २२,५००/- निकासा दिएकोले बढी निकासा भएको रकम असुल हुनु पर्ने रु. | २,५००/- |

| | | |
|---|---|---|
| ६२. | सहयोगि कार्यकर्ता पम्फा नेपाललाई श्रावण देखि कार्तिक र दशै खर्च समेत रु.६,०००/- का दरले रु. ३०,०००/- निकासा दिनु पर्नेमा रु. ३०,८००/- निकासा दिएकोले रु. ८००/- असुल हुनु पर्ने रु | ८००/- |
| ६३. | आय कर ऐन, २०५८ अनुसार पुरस्कार भुक्तानीमा २५ प्रतिशत र पारिश्रमिक (भत्ता) भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने व्यवस्था भए अनुसार गाउपालिकाले निम्न अनुसारको भुक्तानीमा निम्न अनुसारको कर कट्टा गरेको छ। तर उक्त कट्टा रकम दाखिला नगरिएको रु. | १५,६९३/- |

| भौ. नं. मिति | वापत | कट्टी कर दाखीला नभएको |
|---|---|---|
| १/२०७६/३/२५ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा पुरस्कार वितरण | १४४२५ |
| ७/२०७६/३/३२ | | १२६८ |
| **जम्मा** | | **१५६९३** |

| | | |
|---|---|---|
| ६४. | **अवकाश पछिको तलब भुक्तानी :**शिक्षकहरुले सेवामा रहेको अवधिको मात्र तलब पाउने देखिन्छ। शिक्षा विकास तथा समन्वय इकाई सिन्धुपाल्चोकवाट प्राप्त विवरणमा सरस्वती मा. वि. का शिक्षक श्री केशव प्रसाद पराजुली मिति२०७५/९/४ मा अवकास भएको देखिन्छ तर निजको नाममा दोश्रो चौमासिक वापत २०७५ माघ देखि फागुन सम्मको तलब रु. १,३०,२३०/- निकासा पठाएको देखिएकोले २०७५ पौषको २७ दिन र माघ, फागुन पूरै तलब रु. ९४,४१७/- असुल गरी राजस्व दाखीला हुनु पर्ने रु. | ९४,४१७/- |
| ६५. | **बढी निकासा :**निम्न विद्यालयमा रहेका वाल विकास केन्द्रका सहयोगी कार्याकर्तालाई मासिक रु. ६,०००/- ले प्रथम चौमासिकमा श्रावण देखि कार्तिक र दशै खर्च समेत रु. ३०,०००/- का दरले निकासा दिनु पर्नेमा रु. ३०,८००/- का दरले निकासा दिएकोले बढी निकासा गएको रु. ८००/- का दरले हुने रु. १,६००/- असुल गर्नु पर्ने रु. | १,६००/- |

| **सि. नं.** | **विद्यालय** | **बढी भएको रकम** |
|---|---|---|
| १ | केउरेनी आ. वि. | ८००/- |
| २ | वाल ज्योतीआ. वि. | ८००/- |
| | **जम्मा** | **१,६००/-** |

| | | |
|---|---|---|
| | **स्वास्थ्य** | |
| ६६. | आर्थिक वर्ष २०७५/०७६ को बजेट बक्तव्यमा स्वास्थ संस्था नरहेका स्थानिय तहका वडाहरुमा स्थानिय तहसंग लागत सहभागितामा आगामी २ वर्ष भित्र १ स्वास्थ संस्था निर्माण गरि संचालन गरिने उल्लेख भए बमोजिम स्थानिय तहमा आधारभुत स्वास्थ सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धि कार्यविधी २०७५ स्वीकृत भएको देखिन्छ। सम्बन्धित स्थानिय तहवाट निर्माण हुने स्वास्थ संस्था टाइप २ (यस गाउँपालिकाको लागी) को लागत अनुमान रु. ३८,८६,९२०/- उल्लेख गरिएको देखिन्छ। जस मध्ये पहिलो वर्ष ४० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था गरेको देखिन्छ। उक्त कार्यविधीको बुदा नं. ४ (४) मा स्वास्थ संस्था निर्माण कार्य राष्ट्रिय भवन संहिता तथा सार्वजनिक खरिद ऐन नियमको पालना हुने गरीटेन्डर प्रकृया द्वारागर्नु पर्ने उल्लेख छ। तर यस गाउँपालिका ले बजेट आर्थिक वर्षको अन्त्यतिर मात्र प्राप्त भएको कारण देखाई यस गाउँपालिका अन्तरगत निम्न ३ वटा वडामा स्वास्थ केन्द्र भवन निर्माण कार्य गर्न स्वास्थ्य चौकी संचानल तथा व्यवस्थापन समितिको नाममा रु. ४६,४६,३०४/- मा ३ प्रतिशत रकम कट्टा गरि रु.४५,२४,३७५/- जाम्मा गरेको छ। यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन। | |

| वडा नं स्वास्थ चौकी | लागत अनुमान | प्रथम विल सम्मको कार्यसम्पादन रकम | प्रथम विलको रकम | अध्यक्ष |
|---|---|---|---|---|
| २ | ३८८५९२० | १५६६७७५।३४ | १५६६७७५।३४ | गोकर्ण भुजेल |
| ५ | ३८८६९२० | १५६६७७५।३४ | १५५०७७६।८३ | राजेन्द्र सिंह तामाङ |

(क) आधारभूत स्वास्थ केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धि कार्यविधी, २०७५ को बुदा नं. ४(४) मा स्पष्ट संग खरिद ऐनको पालना हुने गरि टेन्डर प्रकृयाद्वारा गर्नु पर्ने उल्लेख हुँदा हुदै पनि उपभोक्ता समिति मार्फत कार्य गराएको।

(ख) उपभोक्त समितिसंग भएको समझौता लेखापरिक्षणमा पेश नभएको।

(ग) स्वास्थ चौकी संचालन तथा व्यवस्थापन समितिको नाममा रकम जम्मा गरी रोक्का राखिएकोमा आवश्यकता अनुसार रकम भुक्तानी दिने गरेको।

(घ) वडा नं. ८को स्वास्थ चौकीको कार्य प्रारम्भ भएको नदेखिएकोले उक्त संस्थाको नाममा रहेको रु.

| | | |
|---|---|---|
| | १५,०८,१२५/- पेश्की कायम गर्नु पर्ने देखिएको रु. | १५,०८,१२५/- |
| ६७. | भौ.नं. ३० मिति २०७६/३/२२ : स्वास्थ्य संस्थाले प्रसुति सेवा दिए वापत प्रति प्रसूति रु. १०००/- का दरले स्वास्थ्य संस्थाले अनुदान पाउने व्यवस्था छ। जस अनुसार यस वर्ष जलविरे स्वास्थ चौकीमा ५५ जनाले प्रसूति भए अनुसार उक्त संस्थाले रु.५५,०००/- माग गरेको पत्रमा रु. ५५,०००/- भुक्तानी दिने तोक आदेश रहेको छ। तर खर्च लेख्दा रु.७७,०००/- भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी दिएको रकम असुल हुनु पर्ने रु. | २२,०००/- |
| ६८. | भौ.नं. ५ मिति २०७६/८/२८ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) क मा ५ लाख रुपैया लागत अनुमान भएको निर्माण कार्य माल समान वा परामर्श सेवा सोझै खरिद गर्ने व्यवस्था छ। तर यस गाउँपालिका ले निरीजमा मेडीको सप्लार्यस को मिति २०७५/७/२७ को विलवाट सिधै (हाते कोटेसन) रु. ९,९९,५१५/- को औषधि खरिद गरेको देखियो । उक्त औषधि खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) अनुसार शिलबन्दी दरभाउ पत्र माग गरी खरिद गर्नु पर्नेमा सो नगरेकोले नियम संगत भएको नदेखिएको रु. | ९,९९,५१५/- |
| ६९. | **बढी सुविधा दिएको :**भौ.नं. ४ मिति २०७५/९/३० : संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/६/१५ को पत्रमा आइ. टी अफिसरले तलब रु.३०,५००/- र दुर्गम भत्ता रु.२,५००/- (ग वर्ग) समेत कूल रु.३३,०००/- पाउने उल्लेख छ । तर यस गा.पा. को आइ. टी. अफीसर अमिरजन नेपाल ले मासिक तलब रु. ३०,५००/-, महङ्गी भत्ता रु. २,०००/- र स्थानिय भत्ता रु. १,०३०/- समेत मासिक रु. ३३,५३०/-मिति२०७५ श्रावण देखी चैत्रसम्म भुक्तानी लिएकोले प्रति महिना बढी भुक्तानी लिएको रु. ५३०/- ले १० महिनाको रु. ५,३००/- असुल हुनु पर्ने रु. | ५,३००/- |
| ७०. | **कर दाखिला नगरेको :**आय कर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमीक कर र ८९(१) मा रु ५०,०००/- भन्दा माथिको भुक्तानीमा १.५ प्रतिशत कर काटनु पर्ने व्यवस्था छ । भौ.नं. १ मिति २०७५/६/१२बाट गाँउपालिकाले मिति ०७५/५/३० मा केन्द्रस्तर को उपचार को-हर्ट विश्लेषण कार्यक्रम र को-हर्ट नतिजा कार्यक्रम संचालन गर्दा कट्टी गरेको कर रु. २,१४४/- सम्बन्धित खातामा दाखीला गरेको नदखिएको रु. | २,१४४/- |
| | **राष्ट्रिय ग्रामिण तथा नविकरण उर्जा कार्यकम** | |
| ७१. | **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (१) मा सार्वजनिक निकायले २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद कार्य शिलबन्दी दरभाउ आह्वान गरी खरिद गर्न सक्ने उल्लेख छ । तर यस गा. पा ले बलेफी बजारमा सडक सौर्य बत्ति जडान गर्न सिधै ३ वटा आपुर्तिकर्ता संग दरभाउपत्र माग गरि घटीवाला ब्राइट इनर्जी प्रा. लि. को प्रति थान रु. १,१६,८००/- ले ६ थान जडान गरे वापत मू.अ.कर समेत रु.७,००,८१०/- भुक्तानी दिइको पाइयो। शिलबन्दी दरभाउ पत्र माग गरी खरिद गर्नु पर्ने कार्य सिधै खरिद गरेकोले नियम संगत भएको नदेखिएको रु.७,००,८१०/- | ७,००,८१०/- |
| | **राजस्व तर्फ** | |
| ७२. | गाउपालिकाले आम्दानी गर्दा प्रयोग गर्ने नगदी रसिद के कति प्राप्त भयो प्राप्त भएको मध्ये खर्च भइ बाँकी कति छन् भनि स्पष्ट देखिने गरि नगदि रसिद नियन्त्रण खाता राखेको पाइएन । अर्थात नगदि रसिद नियन्त्रण खाताले ठेलीको यर्थात विवरण देखाएको छैन् । | |
| ७३. | यस वर्ष गाउपालिकाले आफ्नो क्षेत्र भित्रको ढुङ्गा, माटो, बालुवा, गिट्टी, दहत्तर बहत्तर संकलन, बिक्री, निकासी गर्न शिलबन्दी बोलपत्र प्रकाशित गर्नु पर्नेमा सो नगरी प्रदेश नियमावलीले निर्धारित गरेको प्रति घन फीट रु.९ मा मू.अ. कर समेत थप गरी प्रति घन मिटर रु.३६० दर कायम गरि संकलन गरेको देखाई रु. ४३,२९,४५१/- आम्दानी देखाएको छ। यस सम्बन्धमा निम्न भए गरको देखिन्छ । | |
| ७४. | दहत्तर बहत्तरको आम्दानी संकलनको लागी ५१ देखि ४,८०० सम्मका ९५ गोटा रसिद ठेली खर्च देखाइएको मध्ये ३ ठेली र.नं. ४६०१-४६५० र ४७०१-४८०० सम्मका प्रयोग हुन नसकी फिर्ता प्राप्त भएकोमा लेखापरिक्षणको क्रममा रद्ध गरिएको छ । सो ९५ ठेली मध्ये रसिद नं. १६०१ देखी १८०० | |

<table>
<tr><td></td><td>सम्मको ४ ठेली संकलक सृजन कार्की ले मिति २०७५/२/१३ मा बुझी लगेको देखिन्छ। तर उक्त ठेलीगाउँपालिका मा नबुझएकोले सो बाट के कति आम्दानी भएको छ यकीन गर्न सकिएन । निजले उक्त ठेली गा. पा मा बुझाएको अवस्थामा सो वाट प्राप्त आम्दानी दाखिला गर्नु पर्दछ। अन्यथा ४ ठेलीको २०० प्रतिबाट अधिक्तम उठन सक्ने दर प्रति ट्रिप रु. २,९००/- ले हुने रु.५,८०,०००/- मा निजले लेखापरिक्षणको अवधि २०७६/५/२७ मा दाखिला गरेको रु. १,६२,०००/- घटाउदा बाँकी हुने रु. ४,१८,०००/- निजवाट नियमानुसार असुल गर्नु पर्ने रु.</td><td>४,१८,०००/-</td></tr>
<tr><td>७५.</td><td>आम्दानी जनाईएका रसिदको ले. प. मा पेश भएका कार्वन कपिवाट परिमाण र रकम स्पष्ट देखिने अवस्था छैन । प्रयोग भएका रसिदमा प्राप्त रकम अक्षरमा समेत लेख्नु पर्नेमा लेखेको छैन । जसको कारण असुली भएको रकम र आम्दानी देखाएको रकम यकिन गर्न सकिने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>७६.</td><td>रसिद ठेलीवाट च्यातिइ सकेपछि पुनः सो रसिद प्रति संलग्न गरेर रद्ध जनाउने गरेकोमा कारण उल्लेख छैन। साथै रद्ध भएका रसिद अधिकार प्राप्त व्यक्तिवाट प्रमाणित समेत गर्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>७७.</td><td>रसिद नं. ५१ देखि १३०० सम्मका २५ ठेलीको मात्र रसिद अनुसार आम्दानी देखाएको छ । सो पछि आम्दानी जनाइएका र.नं. १३०१ देखी ४८०० नम्बर सम्मका ठेली अनुसारको एकमुष्ट रकम आम्दानी जनाइएकोमा ले. प. को क्रममा निम्न ठेलीहरुको छडके परिक्षण गर्दा जोड जाम्मा मिलेकोले लेखापरिक्षण सम्पन्न गरिएको छ ।<br><br>लेखापरिक्षण गरिएका रसिद र प्राप्त आम्दानी<br>रसिद नं. — आम्दानी<br>१२५१-१३०० — ५३,६२०/-<br>१५५१-१६०० — ५१,८६०/-<br>२५०१-२५५० — ४५,८२०/-</td><td></td></tr>
<tr><td>७८.</td><td>लेखापरिक्षणलाई प्राप्त विवरणमा प्राप्त आम्दानी मध्ये रु. १,३७,२४६/- सुकलाल तामाङ को जिम्मा नगद बाँकी रहेकोमा लेखापरीक्षणले औल्याए पछि २०७६/०५/२९ मा सम्बन्धीत खातामा दाखिला भएको छ । गाउँपालिकामा प्राप्त आम्दानी समयमै दाखिला गर्नु पर्नेमा नगरेको कारण नियमानुसार १० प्रतिशतले हुने रु२२५६/- निजबाट सुद असूल हुनुपर्ने रु.</td><td>२२५६/-</td></tr>
<tr><td>७९.</td><td>दहत्तर बहत्तरवाट कूल रु. ४३,२९,४५१/- आम्दानी देखिएता पनि उक्त रकम भित्र मु. अ. कर समेत समावेस भएको भनि रु. ५,१६,३०४/-मिति२०७६/४/२८ मा मु. अ. कर दाखीला भएकोले रु. ३८,१३,१४७/- मात्र आम्दानी देखिएको छ ।</td><td></td></tr>
<tr><td>८०.</td><td>दहत्तर बहत्तर वाट रु.३८,१३,१४७/- आम्दानी देखिन्छ। तर उक्त आम्दानी रकम प्राप्त गर्न नियूक्त देहायका व्यक्तिहरुलाई देहाय अनुसार रु.७,०२,०००/- पारिश्रमीक भुक्तानी दिएको देखिएकोले दहत्तर बहत्तरको खूद आम्दानी रु. ३१,११,१४७/- मात्र देखिन्छ ।<br>
<table>
<tr><th>सि. नं.</th><th>संकलक</th><th>कार्य गरेको अवधि</th><th>भुक्तानी पारिश्रमीक</th></tr>
<tr><td>१</td><td>चित्र बाहादुर तामाङ</td><td>०७५/६/३-०७६/३/१५</td><td>१६४४००</td></tr>
<tr><td>२</td><td>सृजन कार्की</td><td>०७५/४/१७-०७६/३/३०</td><td>२०७०००</td></tr>
<tr><td>३</td><td>विजय श्रेष्ठ</td><td>०७५/६/५-०७६/३/३०</td><td>१७७६००</td></tr>
<tr><td>४</td><td>वुन्साङ लामा</td><td>०७५/७/१६-०७६/३/३०</td><td>१५३०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७०२०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८१.</td><td>उल्लेखित कारण वाट दहत्तर बहत्तर को वास्तविक आम्दानी रु.३१,११,१४७/- मात्र भएकोले यस प्रकार अमानतवाट कार्य नगरी गाउपालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम शिलबन्दी बोलपत्र प्रकाशित गरी बढी कबोल गर्ने व्यक्ति/फर्म लाई दहत्तर बहत्तरको आय संकलनको जिम्मा दिनु उचित देखिन्छ ।</td><td></td></tr>
<tr><td>८२.</td><td>जिन्सी खाता अनुसार विभिन्न वडाबाट आय संकलनमा प्रयोग गर्ने नगदी रसिद ठेली गत वर्षको १०२ ठेली जिम्मेबारी सारेकोमा यस वर्ष विभिन्न मितिमा २१३ ठेली प्राप्त भएको समेत ३१५ ठेलीमा ५२ ठेली</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | खर्च देखाई २६३ ठेली मौज्दात देखाएको छ । उक्त ५२ ठेली के कहाँ कसले प्रयोग गरेको हो सो खुल्दैन । वडाहरुबाट यस वर्ष रु.१५,३४,४५३/- आम्दानी देखाएतापनि सबै रसिद ठेली ले.प. मा पेश नभएकोले उक्त आम्दानी यकिन गर्न सकिएन। | |
| ८३. | **प्राप्त आम्दानी प्रदेशमा पठाउन नपुग भएको :** यस वर्ष गाउँपालिका वाट प्राप्त विवरण अनुसार स्लेट, ढुङ्गा वाट रु.७,६९,४३६/-, दहत्तर बहत्तर शुल्कवाट रु. ४४,८७,८६९/- विज्ञापनवाट रु.२७५००/- समेत रु. ५२,८४,८०५/- आम्दानी भएकोमा मु.अ.कर दाखीला गरेको रु. ५,१६,३०४/- घटाउँदा बाँकी रहेको आम्दानी रु. ४७,६८,५०१/- को ४० प्रतिशतले हुने रु. १९,०७,४००/४० प्रदेश कार्यालयमा पठाउनु पर्नेमा मिति२०७६/३/३ मा रु १५,२८,४१४/४० र मिति२०७६/४/२९ मा रु. ३,७१,९८६/- समेत रु. १९,००,४००/४० मात्र पठाएकोले नपुग रु.७,०००/-प्रदेश कार्यालय पठाउँनु पर्ने देखिएको रु. | ७,०००/- |

**अनुसूची - १**

## बलेफी गाउँपालिकाको सञ्चित कोष विवरण
### २०७५/७६

रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | बलेफी गाउँपालिका | सिन्धुपाल्चोक | १३७३१ | १२१७८९ | २१२८६८ | ५९२७४ | ३९३९३१ | १९९७२१ | १७३४४६ | १७३४६ | ३९०५१३ | १७१४९ |

**अनुसूची- २**

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### आर्थिक वर्ष २०७५/७६

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | बलेफी गाउँपालिका | सिन्धुपाल्चोक | ४१ | ४६ | २१३७५ | ० | ० | ० | ४१ | ४६ | २१३७५ | २३४४ | ९२०० | ८०२३ | ० | ० | १७२२३ | ३०० | १५०८ | १८०८ |

**अनुसूची– ३**

## अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

| सि.नं. | स्थानीय तहको नाम | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प. बाट कायम | यस वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बलेफी गाउँपालिका | सिन्धुपाल्चोक | १९४३१ | ० | १९४३१ | ० | २१३७५ | ४०८०६ |